# वैशाख ३१ मा सम्पन्न पहिलो चरणको स्थानीय तह निर्वाचनको मतगणना अवधिमा भएका घटनाहरु

विश्लेषण अद्यावधि – ६

अवधि: जेठ १ देखि ७, २०७४

प्रकाशित: जेठ ९

## सारांश

पहिलो चरणको स्थानीय तहको निर्वाचन वैशाख ३१[1] मा सम्पन्न भएसँगै सम्पूर्ण देशको ध्यान मतगणनातिर[2] केन्द्रित भएपछि निर्वाचनसम्बन्धी घटनामा निकै कमी आयो । नेपाल मोनिटरको तथ्याङ्कअनुसार जेठ १-७ को अवधिमा निर्वाचनसम्बन्धी १३ घटना घटे जबकी वैशाख २९-३१[3] को तीन दिनको अवधिमा ८१ घटना भए ।

जेठ ३१ मा हुने भनिएको दोश्रो चरणको चुनाव सम्पन्न हुनेमा अझै अनिश्चितता छ । मधेश केन्द्रित दलहरुले निर्वाचनमा भाग लिनको लागि पूर्व शर्तको रुपमा रहेको संविधान संशोधनको प्रकृयामा कुनै प्रगति भएको छैन । चार प्रदेशमा गरिने दोश्रो चरणको निर्वाचनको तयारीको निम्ति निर्वाचन आयोगसँग तीन हप्ता मात्र छ । त्यसैगरी दोश्रो चरणको चुनाव अघि सरकार परिवर्तनको सवालले निर्वाचन तयारीभन्दा सरकार गठनतिर प्राथमिकता मोडिदा, निर्वाचनको निश्चिततालाई असर पार्न सक्छ [4]।

पहिलो चरणको निर्वाचनलाई हेर्दा, दोश्रो चरणको निर्वाचन तयारी तथा प्रचार अभियान सुरु भएसँगै आगामी दिनमा निर्वाचनसम्बन्धी घटना घटने सम्भावना उच्च छ [5]। दोश्रो चरणको निर्वाचन तोकिएकै मितिमा र सफलतापूर्वक सम्पन्न गराउनको निम्ति सबै पक्ष लचिलो हुनुपर्ने आवश्यक छ ।

---

[1] वैशाख ३१ मा पहिलो चरणमा प्रदेश ३, ४ र ६ मा २८३ गाउँ तथा नगर पालिकामा निर्वाचन सम्पन्न भयो । दोश्रो चरणमा प्रदेश १, २, ५ र ७ मा जेठ ३१ मा सम्पन्न हुने तय भएको छ ।

[2] प्रदेश ३, ४ र ६ का अधिकांश मतगणना केन्द्रमा जेठ १ बाट मतगणना सुरु भयो । जेठ ७ सम्म घोषित परिणामअनुसार नेकपा-एमालेले ११४ गाउँ तथा नगर पालिका अध्यक्ष पदमा, नेपाली काँग्रेसले १०४ मा र नेकपा-माओवादी केन्द्रले ४६ मा विजय प्राप्त गरिसकेको छ । बाँकी केन्द्रहरुमा पनि यसै हप्ताभित्र मतगणना सम्पन्न हुने अपेक्षा गरिएको छ ।

[3] यस अवधिमा घटेका सबै घटनाको पूर्ण विवरणको लागि 'Factsheet 1' हेरौं ।

[4] हेरौं द काठमाण्डु पोष्टको "Dahal working to step down 'in a few days'"

[5] DRCN को वेभसाइट मा अङ्ग्रेजी र नेपालीमा प्रकाशित पछिल्ला सबै विश्लेषण अद्यावधि हेरौं ।

बाग्लुङमा नेपाली काँग्रेस र राष्ट्रिय जन मोर्चा (राजमो) का कार्यकर्ताबीच झडप, चितवनको भरतपुरमा नेपाल कम्युनिष्ट पार्टी-एकीकृत मार्क्सवादी लेनिनवादीका कार्यकर्ताहरुले मतगणना सुरु गर भन्दै प्रदर्शन गरेको तथा दुई अन्य घटनामा दलका कार्यकर्ता वा निर्वाचन अधिकारीहरुले पत्रकारहरुलाई हातपात गरेको लगायत मतगणनासम्बन्धी चार घटना घटे । त्यस्तै विजय जुलुसमा भाग लिई फर्किदै गरेका दलका कार्यकर्ताहरुलाई अज्ञात समूहहरुद्वारा आक्रमण गरिएको कम्तीमा तीन घटना भए, जसमा अनेकौं घाइते भए ।

यस अवधिमा नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ता संलग्न निर्वाचन विरोधी घटनामा ठूलो कमी आयो । उनीहरु संलग्न भएका जम्मा तीन घटना भए ।

**घटनाहरुको विवरण**

*मतगणनासम्बन्धी घटनाहरु*

- जेठ १ मा चितवनको भरतपुरमा जिल्ला विकास कार्यालय अगाडि मतगणना सुरु गर भन्दै नेकपा-एमालेका समर्थकहरुले प्रदर्शन गरे । राजनीतिक दलहरुका प्रतिनिधिहरु मतगणनासम्बन्धी नियमहरुमा सहमत हुन नसक्दा मतगणना सुरु हुन सकेको थिएन । मतगणना पछि सुरु भयो तर दलहरुले एक अर्कालाई गडबडी गरेको आरोप लगाइरहे ।
- जेठ १ मा बाग्लुङको गलकोट नगरपालिकाको मतगणना केन्द्रमा नेपाली काँग्रेस र राजमोका कार्यकर्ताहरुबीच भिडन्त भयो । राजमोका मेयर उम्मेदवारले निर्वाचन अधिकृतले नेपाली काँग्रेसका कार्यकर्ताहरुलाई मात्र मतगणना स्थलमा प्रवेश दिएको आरोप लगाए । राजमोका कार्यकर्ताहरुले मतगणना स्थलमा प्रवेश पाउनु पर्‍यो भन्ने माग राख्दा उनीहरुलाई नेपाली काँग्रेसका कार्यकर्ताहरुले आक्रमण गरेको दाबी राजमोका मेयर उम्मेदवारले गरे । भिडन्तपछि थप हिंसा भडकिने त्रासमा गलकोट नगरपालिकाको हटिया बजारका पसलहरु बन्द रहे ।
- जेठ १ मा माओवादी केन्द्र आबद्ध यङ्ग कम्युनिष्ट लिगका कार्यकर्ताहरुले सिन्धुलीको दुधौली नगरपालिकामा मतगणना केन्द्रभित्र एउटा विवादको भिडिओ खिचेको आरोपमा दुधौली खबरका एकजना पत्रकारलाई कुटपीट गरि घाइते बनाए ।
- जेठ १ मा चितवनको भरतपुर महानगरपालिकामा मुख्य निर्वाचन अधिकृतले मतगणना केन्द्रबाट पत्रकारहरुलाई जबरजस्ती बाहिर निकालेको विरोधमा उनीहरुले केन्द्र अगाडि प्रदर्शन गरे ।

*जुलुससम्बन्धी घटनाहरु*

- जेठ ३ मा एक अज्ञात समूहले दैलेखको चमुण्डा गाउँपालिकामा नेकपा-एमालेको विजय जुलुसमा ढुङ्गा प्रहार गर्दा कम्तीमा २५ जना नेकपा-एमाले कार्यकर्ता घाइते भए ।

- जेठ ३ मा सिन्धुलीको तीनपाटन गाउँपालिकामा नेकपा-एमालेको विजय जुलुसमा एक अज्ञात समूहले ढुङ्गा हान्दा कम्तीमा छजना नेकपा-एमाले कार्यकर्ता घाइते भए । एकजना नेकपा-एमाले कार्यकर्ता सिकिस्त घाइते भए ।
- जेठ ६ मा धादिङको ज्वालामुखी गाउँपालिकामा नेपाली काँग्रेसको विजय जुलुसबाट फर्किंदै गरेका कार्यकर्ताहरुमाथि नेकपा-एमालेका कार्यकर्ताहरुले आक्रमण गर्दा सातजना नेपाली काँग्रेसका कार्यकर्ता घाइते भए । घाइते हुनेहरुमध्ये भर्खरै जितेका गाउँपालिकाका अध्यक्ष पनि थिए । यस आक्रमणको विरोधमा धादिङ नेपाली काँग्रेसले जेठ ७ मा धादिङ बन्दको घोषणा गऱ्यो ।

*नेकपा संलग्न घटनाहरु*

- जेठ ३ मा निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा पाँचथरको फिदिमबाट नेकपा कार्यकर्ताहरुलाई प्रहरीले गिरफ्तार गऱ्यो । समातिनेहरुमा नेकपा जिल्ला इनचार्ज पनि थिए । प्रहरीले गिरफ्तार गरिएकाहरुलाई कसैसँग भेटन नदिएपछि जिल्लाका मानव अधिकारवादी संस्थाहरुले गिरफ्तार नेकपा कार्यकर्ताहरुले भेटन पाउनुपर्ने विज्ञप्ति जारी गऱ्यो ।
- जेठ ४ मा तापलेजुङको आठराइ त्रिवेणी गाउँपालिका र फाक्तानलुङ गाउँपालिकाबाट नेकपा कार्यकर्ताहरुले साइनबोर्ड झिके । नेकपाले यस क्षेत्रमा चुनाव गर्न नपाउने घोषणा गरेको थियो । नेकपाका जिल्ला इनचार्जले यस घटनाको जिम्मेवारी लिए ।

*बम राखिएका घटना*

- जेठ १ मा शङ्करपुर नगरपालिकाको मतगणना केन्द्रबाट २०० मिटरको दूरीमा एउटा बम फेला पऱ्यो । नेपाली सेनाले सो बमलाई निष्कृय पाऱ्यो ।

*मतदान अधिकारबाट वञ्चित गराइएको घटना*

- जेठ १ मा हुम्लाको खर्पुनाथ गाउँपालिकामा मन्धरा निर्वाचन केन्द्रका मतदाताहरुको एक समूहले त्यस केन्द्रमा पुनः मतदानको माग गर्दै जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय घेराउ गऱ्यो । नेपाली काँग्रेसका कार्यकर्ताहरुले मतदाताहरुलाई मतदान नगर्न धम्क्याए पछि लगभग ४०० जनाले मतदान नगरेको उनीहरुले दाबी गरे ।

*अन्य घटना*

- जेठ १ मा दैलेखको नारायण नगरपालिकाको वडा १ का नेपाली काँग्रेसका उम्मेदवारको घरमा नेकपा-एमालेका कार्यकर्ताहरुले ढुङ्गा हाने । यस घटनापछि ती दुवै दलका कार्यकर्ताहरुबीच झडप भयो । यस घटनालाई अझै भडकिनबाट रोक्न दैलेख जिल्ला प्रशासन कार्यालयले जेठ २ मा बेलुका ७ देखि बिहान ५ बजेसम्म दलहरुलाई कुनै पनि किसिमको गतिविधि गर्नबाट रोक लगायो ।

****

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधि शृङ्खलाको छैठौं संस्करण हो । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ ।*

# मत गणनाको अवधिमा घटेका घटनाहरु, जेठ १ - जेठ ७, २०७४

